# विद्यालय बन्द भएको खण्डमा घरैबाट अध्ययन गर्ने

## अभिभावक र संरक्षकहरुका लागि जानकारी

यदि तपाईको बालकको विद्यालय बन्द हर्नु पर्ने भएमा, विद्यालयले आफ्नो नियमित माध्यमबाट परिवारहरु संग संञ्चार पठाउने गर्नेछ(यो ई-मेल, SMS, वेभसाईट पनि हुन सक्दछ)।

यदि विद्यालयहरु थप अवधीकोलागि बन्द भएमा, तपाईको बालबालिकाहरुलाई अध्यापनको कृयाकलापहरु घरैमा निरन्तरता दिईनेछ र यहाँहरुसंग उनिहरुको अध्ययनको बारेमा छलफल गरिनेछ।

राज्य भरिका धेरै विद्यालयहरूमा शिक्षकहरूले अनलाइन उपकरणहरूको प्रयोग गरेर अध्यापन गतिविधिहरू पहिल्यै बुझाउने र व्यवस्थापन गर्ने गर्छन्। केहि विद्यालयहरूले थप वा तपाइँको बच्चाको सबै अध्यापन गतिविधिहरू अनलाइन सार्न सक्छन्। यसमा केही प्रत्यक्ष पाठहरू समावेश गर्न सक्दछन्। यदि तपाईं वा तपाईंको विद्यालय सँग डिजिटल वा अनलाइन विकल्प छैन भने उनीहरूले गैर डिजिटल रणनीतिहरू प्रयोग गर्दछन्। यसमा वर्कशीटहरू, पाठ्य-पुस्तकहरू वा USB ड्राइभहरू जसमा डिजिटल वर्कशीटहरू र भिडियोहरू समावेश हुनेछन्, तिनिहरुलाई तपाईंको बच्चासँग वा मेल मार्फत पठाईनेछ।

शिक्षकहरुले पनि विद्यार्थीहरुलाई समुह वा एक एक गरेर फोन मार्फत सम्पर्क गर्न सक्नेछन्।

यस जानकारी पर्चाले निम्न लगाएत तपाईको घरमा बालबालिकाहरुलाई अध्यापनमा कसरी मद्दत गर्नेछ भनेर मद्दत गर्दछ:

- तपाईको जिम्मेवारीहरु - त्यहाँ केहि चीजहरू छन् जुन तपाईंले बच्चालाई घरमा सिक्न मद्दत पुर्याउनु पर्छ जस्तै दिनचर्या मिलाउने, शान्त ठाउँ खोज्ने र उनीहरूको पढाईको प्रगति कस्तो हुँदैछ भनेर सोध्ने।
- तपाईंको बच्चाको जिम्मेवारीहरू - तपाईंको बच्चाले उनीहरूको लागि तोकिएको दिनचर्याहरू अनुसरण गर्ने र शिक्षकले उनीहरूलाई दिएको कामहरु आफुले राम्रो काम गर्दा गर्दै पुरा गर्नुपर्दछ।
- तिनीहरूको दैनिक योजना कसरी बनाउने - तपाईंको विद्यालयले तपाईंलाई केही सल्लाह र दिऊँसोको समयमा तपाईंको बच्चाले के गरिरहेको छ भन्ने मार्गदर्शन दिन्छ।
- तिनीहरूको भलाईको हेरचाह गर्ने - तपाईंले उनीहरूले विश्राम गरेको, पानी पिएको र तनाव वा चिन्तित नभएको निश्चय गर्नुपर्दछ।
- सञ्चार - यो महत्त्वपूर्ण हुन्छ कि तपाइँले आफ्ना बाल बच्चाहरूसँग उनीहरूको पढाईको बारेमा नियमित कुरा गर्नुहुन्छ। तपाईंको बाल बच्चाको शिक्षक र / वा स्कूलले तपाईंले उनीहरूसँग कसरी सम्पर्क राख्ने भनेर तपाईंलाई बताउँनेछ।
- टेक्नोलोजी र स्क्रिन समयको प्रयोग - यो महत्त्वपूर्ण हुनेछ कि तपाइँले आफ्नो बच्चाको सुरक्षाको लागि टेक्नोलोजी प्रयोग गरेको सुपरिवेक्षण गर्नुहोस् र उनिहरुले अनलाइनमा बिताउने  समयमा सीमा राख्नुहोस्।

## टेलिफोन दोभाषे सेवा

यदि तपाईले थप जानकारीको आवश्यकता परेमा कृपया तपाईको विद्यालयको प्रधानाध्यापकलाई फोन गर्नुहोला। तपाईको सोधपुछको लागि तपाईलाई दोभाषेको मद्दतको आवश्यकता परेमा कृपया टेलिफोन दोभाषे सेवाको 13 14 50 मा फोन गर्नुहोला। यसो सेवा तपाईकोलागि निशुल्कः उपलब्ध छ।